जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

“समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ”

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक १०५ | २०८२ साल मंसिर १४ गते आईतवार | Sunday-30-November-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## “एक घर-एक रोजगारी : उज्यालो नेपाल पार्टीका बारा-२ का उम्मेदवार अरविन्द साहको प्रमुख प्रतिबद्धता

*शु.आ. सम्बाददाता*
*कलैया, १३ मंसिर*

“एक घर-एक रोजगारी : उज्यालो नेपाल पार्टीका बारा-२ का उम्मेदवार अरविन्द साहको प्रमुख प्रतिबद्धता रहेको जानकारी गराएका छन्। साहले काठमाडौंबाट आफ्नो क्षेत्रमा आउँदा सिमरा स्थित सिमरा विमानस्थलबाट यस्तो बताएका छन्।

बिमानस्थलमा नै साहले पत्रकारहरुसँग कुरा गर्दै देशमा बढ्दो भ्रष्टाचार, बेरोजगारी, सामाजिक अन्याय र बेथिति प्रति जनताको असन्तोषलाई संगठित रूपमा समाधान गर्ने लक्ष्यसहित पार्टी अघि बढिरहेको बताएका छन्। भदौ २३-२४ को जेनजी आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न कै उद्देश्यले उज्यालो नेपाल पार्टी गठन भएको उनले प्रष्ट पारेका छन्।

आफु पनि “ खल्ती “ जस्तो राष्ट्रिय स्तरको डिजिटल उद्योग निर्माण गरी त्यसको संस्थापक निर्देशक भएकोले आफ्नो अनुभव अब आफ्नो क्षेत्र तथा देशको समग्र विकासमा लगानी गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका छन्। बाराको महागढीमाई नगरपालिका -७ तेलगाईमा आफ्नो जन्मभुमी रहेको साथै यहाँको जनता बेथिति र द्वन्द्वको चपेटामा नपरी हाम्रो समाजिक विकास, समाजिक एकता र सद्भावको रुपमा अगाडि बढाउने आफ्नो र उज्यालो नेपाल पार्टीको मुख्य ऐजेण्डा रहेको बताएका छन्।

बिभिन्न राजनीतिक पार्टीको गुठ उपगुठले गर्दा हाम्रो समाज च्यापिएकोले आफु पेशाले ईन्जिनियर भएता पनि



बारा-२ लाई नमुना क्षेत्रमा रूपान्तरण गर्ने उद्देश्यले सहित आफ्नो चुनावी एजेण्डा समेत सार्वजनिक गरेका छन्। उनको ऐजेण्डामा रोजगारी क्रान्ति कार्यक्रम ल्याउने पहिलो लक्ष्य रहेको छ। स्थानीय स्रोत, उद्योग, व्यावसायिक कृषि, डिजिटल टेक्नोलोजी र Low–Skilled Training Center मार्फत प्रत्येक घरमा कम्तीमा एक रोजगारको व्यवस्था गर्ने, डिजिटल सुशासन अन्तर्गत कागजरहित प्रशासन, डिजिटल सेवा प्रवाह, तथा प्रविधिमैत्री पारदर्शिता प्रणाली लागू गरी भ्रष्टाचार नियन्त्रण गर्ने घोषणा, एपेशल निडर कार्ड अन्तर्गत भारत तथा चीनसँग आवत-जावत, व्यापार, उपचार, शिक्षा तथा रोजगार सहज बनाउन सीमावर्ती नागरिकका लागि ‘Special Border Card’ वितरण गरिने, कृषि व्यावसायीकरण र MSME प्रवर्द्धन अन्तर्गत MSME विकास, Startup Incubation Center स्थापना, व्यावसायिक कृषि हब, तथा कम लगानी-धेरै रोजगारी मोडेल मार्फत आर्थिक सशक्तिकरण गर्ने योजना, साँस्कृतिक तथा धार्मिक पर्यटन विकास अन्तर्गत गढीमाई मन्दिर, सिम्रौनगढ दरबार क्षेत्र, जनकपुर-जनकि मन्दिरलाई Special Heritage Zone को रूपमा विकास गरी धार्मिक पर्यटन र स्थानीय अर्थतन्त्र विस्तार गरिने लक्ष्य

र ग्रामीण स्वास्थ्य सेवा विस्तार अन्तर्गत ग्रामीण बस्तीमा उपचार पहुँच बढाउन Dialysis Center, Diagnostic Lab तथा Mobile Health Service सञ्चालन गरिने घोषणा गरेका छन्।

पत्रकार सम्मेलनमा साहले आफ्नो अभियान कुनै व्यक्तिगत एजेन्डा नभई देशका नागरिकको साझा यात्रा भएको उल्लेख गर्दै सत्य र तथ्यका आधारमा जनतासमक्ष जानकारी पुऱ्याउन सञ्चारकर्मीहरुलाई अनुरोध गरेका छन्।

उज्यालो नेपाल पार्टीले बारा-२ सहित देशलाई उज्यालो बनाउने यात्राको आजबाट औपचारिक शुरुवात भएको घोषणा गर्दै विश्वप्रसिद्ध गढीमाई मन्दिरमा दर्शन गरी तेलकुवा चौकमा आफ्नो सम्पर्क कार्यालय उद्घाटन गरेका छन्।

## बारामा उद्योग प्रबन्धकको हत्या प्रकरणः १८ घण्टामै दुई अभियुक्त पक्राउ

*शु.आ. सम्बाददाता*
*बारा, १३ मंसिर*

बाराको प्रसौनी गाउँपालिका-६ स्थित किरण वेभरेज प्रालि पानी उद्योगका प्रबन्धक रामकिशोर सिंहको हत्या प्रकरणमा संलग्न दुई जना अभियुक्त १८ घण्टामै प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय बाराबाट प्रहरी नायब उपरीक्षक दीपक बस्नेतको नेतृत्वमा खटिएको विशेष टोलीले फरार अवस्थामा रहेका दुबैजनालाई खोजी-तलासी गर्दै नियन्त्रणमा लिन सफल भएको हो। प्रहरीले पक्राउ परेकालाई प्रारम्भिक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय बारामा राखिएको जनाएको छ। अनुसन्धानको गोपनीयता र प्रक्रिया जारी भएकाले पक्राउ परेकाको विवरण खुलाइएको छैन। “आवश्यक कानुनी प्रक्रिया पुरा भएपछि घटनाबारे विस्तृत विवरण सार्वजनिक गरिनेछ,”



जिल्ला प्रहरी कार्यालय बाराका निमित्त प्रवक्ता प्रहरी निरीक्षक खेमप्रसाद नेपालले जानकारी दिएका छन्।

सर्लाही धनकौल गाउँपालिका-२ का ४२ वर्षीय रामकिशोर सिंहलाई बिहीबार राति उद्योग परिसरदेखि करिब ५० मिटर टाढा धारिलो हतियार प्रयोग गरी घाँटी रेटेर हत्या गरिएको थियो। स्थानीयले शुक्रबार बिहान शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

सूचना प्राप्त गर्नासाथ प्रहरी टोलीले मुचुल्का उठाई घटना स्थल आसपासमा खोजतलासी तीव्र पारेको थियो। प्रारम्भिक सूचनाको आधारमा प्रहरीले अभियुक्तसम्म पुग्न सफल भएको जनाएको छ। हत्याको कारण र सम्भावित थप संलग्नताबारे बारा प्रहरीले विस्तृत अनुसन्धान अघि बढाइरहेको छ।

## रौतहटको परोहामा एक दिने वृहत् निःशुल्क आँखा शिविर सम्पन्न, ३६८ जना लाभान्वित

*शु. आ. सम्बाददाता*
*रौतहट, १३ मंसिर*

जिल्लाको परोहा नगरपालिकामा रुइत फाउण्डेसनको आर्थिक सहयोग नेपाल नेत्रज्योति संघ, गौर आँखा अस्पताल गौर-८ पुरेनवा तथा परोहा नगरपालिकाको संयुक्त आयोजनामा एक दिने निःशुल्क आँखा शिविर सफलतापूर्वक सम्पन्न भएको छ। शिविरबाट ३ सय ६८ जनाले आँखा जाँच गराएका छन् भने ११३ जना मोतियाबिन्दुका बिरामीलाई शल्यक्रियाका लागि छनोट गरिएको छ।

शिविरमा आँखा जाँच गराउने कुल ३६८ जनामध्ये महिलाको संख्या १९४ र पुरुषको संख्या १७४ रहेको छ। जाँच गरिएका बिरामीहरूमध्ये ११३ जनालाई मोतियाबिन्दुको शल्यक्रियाका लागि छनौट गरिएको कार्यक्रम संयोजक सतेन्द्र पाण्डेले जानकारी दिए।

जम्मा जाँचः ३६८ जना

महिलाः१९४पुरुषः १७४

अपरेशनका लागि छनौटः ११३ जना

छनौट भएका बिरामीहरूको मोतियाबिन्दुको अपरेशन गौर आँखा अस्पताल, पुरेनवामा निःशुल्क गरिने कार्यक्रम तय भएको हो। अस्पतालले छनौट भएका बिरामीहरूका लागि आइतवार सोमबार र मंगलवार गरी तीन दिनमा शल्यक्रियाको व्यवस्था मिलाएको हो। यसले गर्दा आर्थिक




अवस्था कमजोर भएका स्थानीय बासिन्दाहरूलाई ठूलो राहत मिलेको छ। आँखा जाँच गराउन आएका बिरामीहरूलाई आवश्यकतानुसार चश्मा र औषधिसमेत निःशुल्क वितरण गरिएको हो भने

चश्मा वितरणः १५२ जना

औषधि वितरणः १७८ जना रहेका थिए। शिविरलाई सफल बनाउन गौर आँखा अस्पतालबाट ८ जनाको प्राविधिक टोलीले सेवा प्रदान गरेको थियो। टोलीमा अशोक पासवान, अवताब आलम, अर्चना सिंह, अमित दास लगायतका स्वास्थ्यकर्मीहरू संलग्न थिए। त्यसैगरी, परोहा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख जालन्धर यादवको नेतृत्वमा झण्डै १५ जना स्वयंसेवक तथा कर्मचारीले सहयोग प्रदान गर्दै कार्यक्रम सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरे। स्थानीय निकाय र स्वास्थ्य संस्थाको समन्वयले शिविर व्यवस्थित बनेको स्थानीयले बताए।

शिविरमा आँखा जाँच सेवा मात्र नभई उपस्थित सबैलाई आँखा स्वास्थ्य सम्बन्धी महत्त्वपूर्ण जनचेतनामूलक शिक्षा पनि प्रदान गरिएको कार्यक्रम संयोजक सतेन्द्र पाण्डेले जनाए।

शिविरले दूरदराजका नागरिकहरूलाई घरदैलोमै निःशुल्क विशेषज्ञ सेवा पुऱ्याएकोमा स्थानीय बासिन्दाले आयोजक संस्थाहरूलाई धन्यवाद दिएका छन्।

## फेटामा कृषि क्षेत्र सुधारको माग- जनमत पार्टीका नेता दुबेले सामाजिक सञ्जालमार्फत व्यक्त गरे आक्रोश

शु.आ. सम्बाददाता
बारा, १३ मंसिर

कृषि क्षेत्रमा व्याप्त समस्या, भ्रष्टाचार र बेवास्ताप्रति असन्तुष्टि जनाउँदै जनमत पार्टीका केन्द्रीय सदस्य तथा फेटा गाउँपालिकाका अध्यक्ष पदका भावी उम्मेदवार उमेश दुबेले कडा प्रतिक्रिया व्यक्त गरेका छन्।

दुबेले आफ्नो सामाजिक सञ्जाल फेसबुक मार्फत धानखेतमा खिचिएको फोटो सार्वजनिक गर्दै, कृषि सुधारका नारा मात्रै लगाएर जनतालाई झुक्याउने नपुन्सक नेताहरूलाई लक्षित गर्दै लेखेका छन्, “एकचोटी कृषि गरेर त हेर, कृषकको पीडा त सुन। कृषि क्षेत्रमा हुने मिहिनेत र त्यसको फलस्वरूप उब्जिने बालीको महत्त्व के हो, सोच। गेहुँको ब्युमा समेत भ्रष्टाचार गर्ने नेतालाई कृषि क्षेत्रको पीडा के थाहा?”उनका अनुसार किसानहरू दिनरात खटिएर उत्पादन बढाउन संघर्षरत रहँदा, नीतिगत कमजोरी, भ्रष्टाचार र उदासीनताका



कारण कृषकहरू झनै सन्कटमा परिरहेका छन्। दुबेले तत्काल कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर किसानको हकहित र उत्पादन प्रणाली सुदृढ गर्न राज्य जिम्मेवार हुनुपर्नेमा जोड दिएका छन्। दुबेले यस्ता जनजीवनसँग जोडिएका विषयमा गम्भीर ध्यान दिन जनप्रतिनिधि र सरकार दुवैलाई आग्रह गर्दै, आगामी दिनमा किसान-मैत्री नीति निर्माणका लागि जनमत पार्टी सक्रिय रहने पनि उल्लेख गरेका छन्।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# बालविवाह नियन्त्रणमा जुटौँ

नेपालमा बालविवाह एउटा सामाजिक समस्याका रूपमा रहिआएको छ । कानुनीरूपमा मुलुकी अपराध संहिताले विवाह गर्ने उमेर २० वर्ष तोके पनि गाउँबस्तीदेखि सहरी क्षेत्रसम्म बालविवाहका घटना भइरहेका पाइन्छन् । नेपालको सामाजिक संरचनामा बालविवाह गहिरोसँग जरा गाडेर बसेको समस्या हो । शैक्षिक क्षेत्रको विस्तार, स्वास्थ्यसेवाको पहुँच र चेतनाको विकास हुँदाहुँदै पनि बालविवाहको तथ्याङ्कले यो अझै चुनौतीको विषय बन्न पुगेको छ । राष्ट्रिय बालअधिकार परिषद्को बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०८१ ले नेपालमा बालविवाहको दर अझै पनि चिन्ताजनक रहेको देखाएको छ । राष्ट्रिय प्रतिवेदनअनुसार नेपालको जनसंख्याको आधारमा ५४ हजार बढी बालबालिकाले १८ वर्षभन्दा कम उमेरमै विवाह गर्ने गरेका छन् । जसमध्ये ७ प्रतिशत बालबालिका १० वर्षदेखि १४ वर्षको उमेरमै विवाह गर्छन् भने २२ दशमलव ३ प्रतिशत बालबालिका १५ वर्षदेखि १७ वर्षको उमेरमा विवाह गर्दछन् । समग्रमा नेपालमा बालविवाहको औसत उमेर १६ वर्ष रहेको प्रतिवेदनमा उल्लेख छ । बालविवाहका कारण बालबालिकाको स्वास्थ्य, शैक्षिक भविष्य, आत्मसम्मान र सामाजिक सहभागितालाई समेत दीर्घकालीन असर पुग्ने गरेको छ ।

नेपालका ग्रामीण समाजमा उमेर नै नपुगी बिहे गरिदिने परम्परा अद्यापि छ । सरकारले 'बिहाबारी बीस वर्षपारि' अभियान सञ्चालन गरेको पनि तीन दशक भइसकेको छ । विशेषगरी चेपाङ समुदाय, तराईका दलितबस्ती र सुदूरपश्चिमका अधिकांश जिल्लामा बालविवाहको समस्या देखिएको छ । बालविवाह रोक्न जनप्रतिनिधि, सामाजिक अगुवा तथा अभियन्ताहरूको प्रयास जारी रहे पनि उमेर नपुग्दै प्रेम सम्बन्ध, सामाजिक सञ्जालको पहुँच र विपन्नताका कारण बिहे गर्ने प्रवृत्ति कायमै छ । बालविवाह प्रायः अशिक्षा, चेतना र आर्थिक अवस्था कमजोर भएका समुदायका हकमा बढी हुने गरेको छ । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले बालविवाहविरुद्ध अभियान सञ्चालन गरे पनि यो प्रचलन नरोकिनु चिन्ताको विषय हो । पछिल्लो समय विभिन्न गाउँमा गैरकानुनी बालविवाहलाई निरुत्साहित गरिँदै आएको पनि छ । कतिपय स्थानीय तहले बालविवाह गर्नेका हकमा गाउँपालिकाबाट प्रदान गरिने सेवासुविधा रोक्ने निर्णयसमेत गरेका छन् । नेपालका विभिन्न गाउँबस्तीमा उमेरै नपुगी विवाह गरिदिने प्रचलनका कारण सरकारले सामुदायिक विद्यालयहरूमा बिहेबारी बीस वर्षपारि अभियान सञ्चालन गर्दै आएको हो । किशोरावस्थामा गरिने विवाहका कारण शारीरिक, मानसिक तथा पारिवारिक समस्या देखिएका थुप्रै दृष्टान्त छन् ।

बालविवाहकै कारण धेरै किशोरीको स्वास्थ्य तथा पारिवारिक समस्या विकराल बन्दै गएको पाइन्छ । मातृ तथा बाल मृत्युदर बढ्ने कारण पनि कलिलो उमेरमा गरिने विवाह नै हो । कम उमेरमा गर्भधारण गर्दा शारीरिक तथा मानसिक स्वास्थ्यमा प्रतिकूल असर देखिन्छ । अर्कोतर्फ विद्यालय छोड्ने दर बढ्ने, आर्थिकरूपमा कमजोर बन्ने तथा महिलाको सामाजिक नेतृत्व क्षमतामा प्रत्यक्ष असर पर्नेजस्ता परिणामहरू झनै गम्भीर छन् । सुदूरपश्चिम, मधेश तथा केही पहाडी जिल्लाहरूमा अझै पनि सामाजिक परम्परा, दाइजो प्रथा र छोरीलाई चाँडै बिहे गरिदिनुपर्छ भन्ने गलत धारणा कायमै छन् । जसले गर्दा बालविवाहले प्रश्रय पाइरहेको छ । बालविवाहलाई निरुत्साहित गर्न महिला सञ्जाल, शिक्षकशिक्षिका, अधिकारकर्मी, प्रहरी तथा अभियन्ताहरूले लक्षित वर्गसम्म सचेतना अभियान अझै तीव बनाइनुपर्छ । सरकारले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य राखेको छ । लक्ष्य पूरा गर्न 'बालविवाह अपराध हो' भन्ने सन्देशसहित हरेक स्थानीय तहले समुदायस्तरमा महिला सशक्तीकरण, जनचेतना, सीप विकास, क्षमता विकासजस्ता कार्यक्रमहरू सञ्चालन गरी बालविवाह नियन्त्रणमा जुट्नु जरुरी देखिएको छ ।



भागवत खनाल

# युगान्तरको प्रसव वेदना

युगको स्वभाव परिवर्तनशील हुन्छ । जुनसुकै प्रकारको जडताले युगीन चुनौतीको सामना गर्नै पर्छ ।

एक युगको गर्भबाट अर्को युगको जन्म हुनु नै युगान्तर हो । नवयुगको प्रादुर्भावको समयमा समग्र समाज र राष्ट्र प्रसव वेदनामा हुन्छ । अनपेक्षित हिंसात्मक घटना हुने हो कि भन्ने भय व्याप्त हुन्छ । मानौं, परिवर्तनकामी उत्तेजित बहर आफ्नो दाम्लो छिनालेर गोठबाट बाहिर निस्केको छ । ऊ आँगन पार गर्दै दोसाँधमा गएर उभिन्छ । त्यहाँ उसले विभिन्न दिशातिर लागेका अनेकौं बाटाहरू देख्छ । उसलाई थाहा छैन, कुन बाटो समात्नु उचित होला ।

तथापि ऊ अगाडि बढ्नेछ । ऊ गोठमा फर्केर एकपटक छिनालिसकेको दाम्लो गाँस्दै पुनः घाँटीमा बेर्ने मनस्थितिमा हुने छैन । शिक्षा मोटामोटी तीन किसिमको हुन्छ, जानकारीमूलक, ज्ञानमूलक र जीवनोपयोगी । परम्परागत रूपमा संसारभरिको सत्ताले प्रदान गर्दै आएको शिक्षा जानकारीमूलक हो । उसले आफ्नो विचारधाराका आधारमा पाठ्यवस्तुको संरचना निर्धारण गर्ने हुँदा समग्र शिक्षा प्रणाली नै सत्तागत प्राथमिकताको पुनरुत्पादनको माध्यम बन्न पुग्छ ।

राजनीतिक दलहरूले पनि आफू आबद्ध दलको विचारधारा अनुरूप नै आफ्ना अनुयायीलाई प्रशिक्षण प्रदान गर्दछन् । उनीहरूको प्राथमिकता कार्यकर्ताको वैचारिक स्वतन्त्रताभन्दा संगठित निष्ठा र अनुशासनमा ज्यादा रहन्छ । त्यसरी तयार पारिएको कार्यकर्ता आफ्नो मस्तिष्कमा रोपिएको बीजमन्त्रबाट सितिमिति बाहिर निस्कन सक्दैन । विचारधाराको यात्रीलाई विचारको पौडीभन्दा धाराको प्रवाह नै सुखद एवं झन्झटविहीन लाग्छ । धार्मिक या राजनीतिक जुनसुकै फाँटको मानिस विचारवान् हुँदाभन्दा निष्ठावान् हुँदा सहज महसुस गर्दछ । जति नै अध्ययनशील राजनीतिज्ञ किन नहोस्, आफ्नो पूर्वाग्रहको गलचेपबाट बाहिर निस्कन सक्दैन । जति नै खारिएको विद्वान् किन नहोस्, ऊ आफ्नो आँखपट्टी (टाँगा तान्ने घोडाको आँखामा दायाँबायाँ हेर्न नपाउने गरी राखिएको बिर्को) खोलेर स्वतन्त्र आँखाले दुनियाँलाई हेर्न डराउँछ । कोही पनि आफूले परिश्रम गरेर जगेर्ना गरेको भ्रमरूपी सम्पदालाई गुमाउन चाहँदैन । हरेक व्यवस्थाले स्थायित्वका लागि आफ्ना पक्षधरहरू तयार गरेको हुन्छ । सत्ता प्रायः आफ्नो उपलब्धिप्रति मक्ख हुन्छ । राज्यको संयन्त्रले पनि चाहे अनुरूपकै प्रतिवेदन दिएर सत्तालाई फुर्क्याइरहेको हुन्छ । यही बेखबरी र निस्फिक्री नै अन्ततः सत्ताको विफलता या पतनको कारक बनिदिन्छ । यहाँ को असल र को खराबको सवाल छैन ।

यो त हरेक सत्ताले आत्मसात् गर्दै आएको प्रवृत्तिको सिलसिला मात्र हो । प्रत्येक समाज प्रायः यथास्थितिवादी नै हुन्छ । परन्तु त्यही यथास्थितिवाद भित्र परिवर्तनको बीज पनि अदृश्यरूपमा विद्यमान रहिरहेको हुन्छ । त्यही यथास्थिति र विद्रोहको नाजुक कडीले नै राष्ट्रको स्थायित्व र परिवर्तनलाई सन्तुलित बनाएर राख्छ । आजको विश्व लगभग एउटै देश जस्तो बनिसक्यो । विश्वको सुदूर कन्दरामा भएको घटनाको प्रभाव निमिषभरमै संसारभरि फैलिन पुग्छ । युगको आह्वानलाई तीक्ष्ण नजरले अवलोकन, मनन् र सम्बोधन गर्न नसक्ने सत्ता आफ्नै विस्थापन भएपछि मात्र होसमा आउँछ ।

अहिले पूरा नेपाल 'जेन–जी' ध्वनिले आच्छादित छ । कसैलाई यो मन परेको होला । कोही जेन–जीप्रति उदासीन या विरोधी पनि होलान् । जसले जे भने तापनि अब जेन–जी नेपाली समाजभित्रको पन्छाउनै नसकिने वास्तविकता बनिसक्यो । यसलाई एउटा उमेरसमूह मात्र मानेर हेरियो भने गम्भीर भूल हुनेछ । यो त एउटा प्रतीक बनेर उदाइसक्यो । जेन–जी अभियान निकट भविष्यमै टुंगोमा नपुग्न सक्ला । यो कहिले सबल र कहिले निर्बल देखिएला । जेन–जीको बोध र विवेक अपेक्षित रूपमा सुसंगठित र दृढ भएर अगाडि आउन पनि नसक्ला । कसैकसैले निषेध र प्रतिशोधको भावना पनि राख्लान् । केही भावुकता र आक्रोश केन्द्रित क्रियाकलाप पनि हुन जाला । तर स्टेसनबाट छुटेको गाडी फेरि पछाडि फर्कने सम्भावना छैन । केही गरी प्रतिनिधिसभाको पुनर्स्थापना भयो भने पनि पुरानो शैली काम लाग्ने छैन । हठी र जिद्दीवाल नेताहरू पनि फुकीफुकी पाइला चाल्दै युगको आह्वानलाई स्वीकार गर्न विवश हुनेछन् ।

परिवर्तन कहिल्यै पनि सुनियोजित हुँदैन । युगको संक्रमण योजनाको नक्सांकन कोरेर तयार गरिएको खाका जस्तो होइन । यस सिलसिलामा अनेकौं भूल हुन सक्छन् । युवा वर्गमाझ पनि प्रचुर मतभिन्नता देखिन सक्छ । पुराना दलका सदस्यबीच नै पनि आगामी नीति र मार्गबारे रायबाझो हुन सक्छ । 'आजको सोच र शैलीले युगीन चुनौतीलाई सम्बोधन गर्न सक्दैन' भन्ने र यथास्थितिभित्रै समाधानको बाटो खोज्न सकिन्छ भन्ने विपरीत अभिमतहरू आउन सक्छन् । र, स्थापित राजनीतिक दलमा अपरिहार्य फाटोसमेत आउन सक्छ । जेन–जी आक्रोश र त्यसको परिणतिलाई लिएर समग्र राष्ट्र नै चकित भयो । साबिकदेखि नै भित्रभित्रै युगान्तरको प्रसव पीडा अविरल थियो ।

कतिलाई त्यस कम्पनको बोध थियो भने कोही बेखबर थिए । सहसा सोच्दै नसोचेको परिस्थिति भोग्न विवश पुराना दलहरू आज हतप्रभ र श्रीहीन हुन पुगेका छन् । आन्तरिक मतभेदहरू सतहमा आएका छन् । आपसमै भनावैरी, निन्दा र उपहास पनि गरेको सुनिन्छ । तथापि, त्यस्तो मतभेद वैचारिक नभई व्यावहारिक कुरामा सीमित छ । त्यसैले त भनेको सुनिन्छ, 'हाम्रो अमूक नेतासँग सैद्धान्तिक मतभिन्नता होइन, बानी र वाणीको मात्र समस्या हो ।' यिनीहरूका सारा विमतिहरू वर्चस्वका लडाइँ मात्र हुन् ।

परम्परागत दलीय प्रतिनिधिहरू त्यस्ता बटुवाजस्ता हुन्, जो एउटै बाटो हिँड्दै पार्कमा पुगेपछि अलगअलग समूहमा बाँडिएर गफगाफ गर्न थाल्छन् । उनीहरू पार्कको सिमानाभन्दा बाहिर किमार्थ जान सक्दैनन् । त्यसैले पुराना पार्टीमा असहमतिको स्वरमा बोल्ने गगन, विश्व, योगेश, जनार्दन, घनश्याम र गोकर्ण प्रभृतिका अधबैंसेहरू अलिकता 'मोडेरेट' त हुन सक्लान्, किन्तु नवयुगका संवाहक बन्न गाह्रो छ । उनीहरू आफ्ना अग्रज नेताको एकछत्र दबदबा र हैकमबाट खिन्न भएका मात्र हुन् । उनीहरूमा कुनै विचार, योजना र युगचेतना रहेको आभास मिलेको छैन । वर्चस्वको टकराबले मात्र नयाँ विचार निर्माण गर्न सक्दैन । यदि उनीहरूले युगको आह्वानलाई बुझेका छन् भने जोखिम उठाउने आँट, उत्साह र 'आइडिया' आवश्यक छ ।

अहिले देशमा सुशीलाको सरकार छ । विभिन्न पक्ष र कोणबाट यो सरकारको पनि कटु आलोचना भइरहेको छ । वर्तमान सरकार सफल होला या नहोला निश्चित छैन । आशंका र सन्देहको बादल मडारिइरहेको छ । देश कष्टमय प्रसव पीडामा छ । पीडा कति लामो जाने हो भन्ने कुरा पनि अनिश्चित छ । किन्तु कदाचित् सरकार असफल भयो भने पनि देश भदौ २२ को अवस्थामा किमार्थ फर्कन सक्ने छैन । यो सरकार विफल भए युगले अर्को 'कोर्स' समात्नेछ ।

युगको स्वभाव परिवर्तनशील हुन्छ । जुनसुकै प्रकारको जडताले युगीन चुनौतीको सामना गर्नै पर्छ । परिवर्तन र नवसिर्जनाले नै सभ्यतालाई आधुनिक अवस्थामा पुऱ्याएको हो । मानवीय नवचेतना र आन्तरिक जागरणलाई कुनै शक्तिले पनि रोक्न सक्दैन । सत्ताको के कुरा, मातापिताको उपदेशको भरमा बसेको भए पनि मानव सभ्यता आज पर्यन्त ढुंगाको हतियार तरासिरहेको हुन्थ्यो । एउटा युगको परिधिको अतिक्रमण बिना अर्को युगको आरम्भ हुन सक्दैन ।

अन्त्यमा- गीतामा कृष्ण भन्छन्, 'धर्म संस्थापनार्थाय सम्भवामी युगे युगे ।' धर्म संस्थापन भनेको रूपान्तरणको अभिव्यञ्जना हो । पुरानो सत्ता, संस्कृति र सोचमा नवीनता नै युगान्तरको प्रतीक हो । अब युग अनुकूल पुराना पात झरेर नवपालुवा पलाउने छन् । बांगा, टेढामेढा र मिचाहा हाँगाबिँगालाई छिमलेर सिनित्त पारिने छन् । धमिरा लागेका र सडेगलेका वृक्षहरू मठारिने छन् ।


गौर प्राथमिक कान उपचार केन्द्र

गौर - १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४४३४७

इंडियन नं :- +91 8935959150

सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर


॥।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# युक्रेनी राष्ट्रपति जेलेन्स्कीको चिफ अफ स्टाफको घर र कार्यालयमा छापा

***कीएभ-*** युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका चिफ अफ स्टाफ एन्ड्री यर्माकका घर तथा कार्यालयमा भ्रष्टाचारविरोधी एकाइहरूले छापा मारेको छ । रूसको आक्रमण रोक्ने प्रयास र अमेरिकी सहयोग सुनिश्चित गर्ने प्रक्रियाबीच उत्पन्न भएको यो घटना किएभका अधिकारीहरूका लागि एक अवाञ्छित चुनौतीका रूपमा देखिएको छ ।

युक्रेनमा भ्रष्टाचारविरुद्ध कार्यरत दुई प्रमुख राष्ट्रिय संस्थाहरू राष्ट्रिय भ्रष्टाचार विरोधी ब्युरो र विशेष भ्रष्टाचार विरोधी अभियोजकको कार्यालयले यर्माकको कार्यालयमा खोजतलास गरेको पुष्टि गरेका छन् । यर्माक स्वयंले पनि आफ्नै अपार्टमेन्टमा अनुसन्धानकर्ताहरू आएको स्वीकार गर्दै टेलिग्राममार्फत 'अनुसन्धानकर्ताहरूले कुनै बाधा पाएका छैनन्, मैले पूर्ण सहयोग गरिरहेको छु र मेरा कानूनी प्रतिनिधिहरू उपस्थित छन्' भनेका छन् । यी दुवै निकाय युक्रेनी उच्च अधिकारीहरू संलग्न रहेको करिब १० करोड अमेरिकी डलर बराबरको ऊर्जा क्षेत्र सम्बन्धी कथित ठूलो भ्रष्टाचार प्रकरणको मुख्य अनुसन्धानकर्ता हुन् । यर्माकका दुई पूर्व सहकर्मी ओलेह टाटारोभ र रोस्टिस्लाभ सुर्मा विभिन्न वित्तीय



आरोपका कारण सन् २०२४ मै पदबाट बाहिरिनु परेको थियो । अर्का सहायक एन्ड्री स्मिर्नोभमाथि पनि घुस तथा अन्य अनियमिततासम्बन्धी अनुसन्धान भएको थियो, यद्यपि उनी अहिले पनि यर्माकका लागि काम गरिरहेका छन् । युक्रेनले युद्धकालीन आवश्यकताका कारण पश्चिमी मुलुकहरूसँग थप सहायता मागिरहेका बेला उत्पन्न यस काण्डले राष्ट्रपति जेलेन्स्कीमाथि अतिरिक्त राजनीतिक दबाब सिर्जना गरेको छ । युरोपेली सङ्घमा समावेशीकरण प्रक्रिया अघि बढाउन पनि भ्रष्टाचारविरुद्ध कडा कदम चाल्नुपर्ने भन्दै इयुले जेलेन्स्कीलाई निरन्तर आह्वान गर्दै आएको छ ।

ऊर्जा क्षेत्रसम्बन्धी अनुसन्धान सार्वजनिक भएपछि यसै महिनाको सुरुआतमा जेलेन्स्कीले आफ्नै दलभित्रबाट अभूतपूर्व प्रतिरोध सामना गर्नुपरेको थियो । यर्माकमाथि प्रत्यक्ष कुनै गलत कार्य गरेको आरोप पुष्टि नभए पनि जेलेन्स्की दलका वरिष्ठ सांसदहरूले जनविश्वास पुनर्निर्माण गर्न उनले नै जिम्मेवारी लिनुपर्ने अभिव्यक्ति दिएका छन् । केही सांसदहरूले यर्माकलाई बर्खास्त नगरिए दल नै विभाजित हुनसक्ने चेतावनी समेत दिएका छन्, जसले संसदीय बहुमतमा असर पर्नसक्ने सम्भावना औँल्याएका छन् । तर राष्ट्रपति जेलेन्स्कीले ती मागहरू अस्वीकार गर्दै एकताको आग्रह गरेका छन् ।

जेलेन्स्कीले युक्रेनी जनतालाई 'राजनीतिक खेलहरू रोक्दै एकजुट हुन' आव्हान गर्दै हाल अमेरिकाबाट भइरहेका रूससँग सम्झौताको सम्भावित दबाबको सन्दर्भ पनि उल्लेख गरे । एन्ड्री यर्माकले करिब १५ वर्षअघि जेलेन्स्कीसँग भेट गरेका थिए । त्यतिबेला उनी टेलिभिजन उत्पादन क्षेत्रमा प्रवेश गरिरहेका वकिल थिए भने जेलेन्स्की चर्चित हास्य कलाकार थिए । पहिलो राष्ट्रपति टोलीको सदस्यका रूपमा विदेश मामिलासम्बन्धी महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्दै यर्माक सन् २०२० मा चिफ अफ स्टाफका रूपमा पदोन्नति भएका थिए । सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमाथि आक्रमण गरेपछि विदेश यात्रामा अधिकांश समय जेलेन्स्कीका साथमै रहने यर्माक राष्ट्रपतिले अत्यधिक भरोसा राख्ने व्यक्तिका रूपमा चिनिन्छन् । देशभित्र उनलाई 'राष्ट्रपतिका पहरेदार' का रूपमा व्याख्या गरिन्छ र प्रधानमन्त्रीदेखि मन्त्रीसम्मका महत्त्वपूर्ण पदहरूमा नियुक्ति छनोटमा पनि उनको प्रभाव निर्णयकारी रहेको व्यापक विश्वास छ । यर्माक तथा राष्ट्रपति कार्यालयसँग जोडिएका केही व्यक्तिहरू विगतमा पनि विभिन्न अनुसन्धानको दायरामा परिसकेका छन्, जसले वर्तमान छानबिनलाई झनै संवेदनशील बनाएको छ ।

## पर्सामा...............

भने सच्याउनु पर्छ । राज्यबाट आँफै पिडित शिक्षकलाई युट्युबरको आतंक गरेर झन् पिडित बनाउने काम भइरहेको उनले बताए ।उनले भने,'शिक्षकहरु त्रासमा छन् ।त्रसित मानसिकतामा रहेका शिक्षकले कस्तो पढाउछ ? सामुदायिक विद्यालयको नतिजा कस्तो आउँछ ? सोचनीय प्रश्न हो यो ।

सामुदायिक विद्यालयका शिक्षकहरुलाई पालिकाका जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतको त्रासबाट मुक्त बनाउनु पर्नेमा उनले जोड दिए ।

उपप्राध्यापक डाक्टर सुष्मा तिवारीले २०४६ सालपछि यता शिक्षामा हरेक वर्ग र समुदायको पहुच बढ्दै गएको तर शिक्षामा राज्यको लगानी भने घट्दै गएको बताइन् । शिक्षाको महत्व बढ्दै गएको अवस्थामा राज्यको लगानी घट्नु चिन्ताको विषय भएको उनको टिप्पणी थियो ।

उनले ७ वटै प्रदेशमा मधेसको साक्षरता दर सबैभन्दा कम अर्थात ६९ प्रतिशत मात्रै रहेको जानकारी दिइने ।

वीरगंज महानगरपालिकामा रहेका ९० सामुदायिक विद्यालयमा अनेकन समस्या रहेका कारण गुणस्तरमा अपेक्षित सुधार आउन नसकेको उनले बताइन् ।महानगरका सामुदायिक विद्यालयहरुमा प्रमुख समस्या शिक्षकको कमी रहेको बताइन् ।विद्यार्थी संख्या अनुपातमा शिक्षक कार्यरत नरहेको उनले बताइन् ।

यस्तै सामुदायिक विद्यालयहरुमा शौचालयको अभावपनि रहेको भन्दै उनले भनिन्,'धेरै विद्यालयमा शौचालय छन् तर शौचालयको अवस्था बिभत्स छ । कतिपय शौचालयमा पानीको व्यवस्था नै छैन ।

महानगरका सामुदायिक विद्यालयहरुमा भौतिक पुर्वाधारको कमी रहेको र अपंगतामैत्री वातावरण पनि नभएको उनले बताइन् ।

विद्यालयमा विद्यार्थीका लागि दाताले दिएका प्रयाप्त कम्प्युटर रहेपनि दक्ष शिक्षक नहुदाँ ती कम्प्युटरहररु प्रयोगविहिन अवस्थामा राखिएको उनले बताइन् ।

शिक्षा पत्रकार समूह पर्साका अध्यक्ष प्रमोद यादवको अध्यक्षता तथा शिक्षा विकास तथा समन्वय इकाइ पर्साका प्रमुख मोती प्रसाद भट्टराईको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेपाल शिक्षक महासंघ वीरगन्ज महानगरका अध्यक्ष प्रदीप जयसवाल लगायतकाकोपनि सहभागिता थियो ।

सँम्भार: मधेश खबर


**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**

**सम्पर्क नम्बर : ९८४५२२६३०५**







**जनहितमा जारी सन्देश**

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

पटेर्वा सुगौली गाउँपालिका
पटेर्वा सुगौली, पर्सा

**फतुवा विजयपुर नगरपालिका द्वारा जनहितमा जारी सन्देश**

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

फतुवा विजयपुर नगरपालिकाको कार्यालय लक्ष्मिनिया (दो.) रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# क्षयरोग दिवसको अवसरमा बेलवाटाडीमा सचेतनामूलक कार्यक्रम सम्पन्न

***पवन प्रसाद साह***
***वीरगंज, १३ मंसिर***

पर्सा जिल्लाको जिराभवनि गाउँपालिका-२, बेलवाटाडी टोलमा क्षयरोग दिवसको अवसरमा सम्पन्न गरिएको सचेतनामूलक कार्यक्रमले स्थानीय समुदायमा क्षयरोगबारे जनचेतना अभिवृद्धिमा महत्वपूर्ण प्रभाव पारेको सहभागीहरूले बताएका छन् । नेपाल क्षयरोग निवारण संस्था पर्सा शाखाद्वारा आयोजित उक्त कार्यक्रम क्षयरोगप्रति समुदायस्तरमा जागरूकता फैलाउने उद्देश्यले आयोजना गरिएको हो ।



कार्यक्रममा नेपाल क्षयरोग निवारण संस्था पर्सा शाखाका सचिव शम्भु प्रसाद चौरसिया र कोषाध्यक्ष उमेश साह कानुसहितका प्रतिनिधिहरूले विगत सात वर्षदेखि क्षेत्रमै निरन्तर सञ्चालन भइरहेको क्षयरोगसम्बन्धी जनजागरण अभियानबारे जानकारी दिए । यस अवसरमा शाखाका सचिव चौरसियाले बेलवाटाडीका सक्रिय युवा रञ्जित यादवलाई समुदाय सेवामा देखाएको समर्पणका लागि विशेष सम्मान तथा प्रशंसापत्र प्रदान गरे । उनले यादवले देखाएको सक्रियता र सेवा-भावना भविष्यमा पनि निरन्तर रहने विश्वास व्यक्त गरे ।

वक्ताहरूले क्षयरोगबाट बच्न आवश्यक सावधानी, लक्षण पहिचान तथा उपचारका उपायहरूबारे विस्तृत रूपमा जानकारी दिएका थिए । लगातार १५ दिनसम्म ज्वरो आउनु, खोकी नछुट्नु, भोक नलाग्नु, शरीर दुब्लिनु तथा वजन घट्दै जानुजस्ता लक्षण देखा परेमा क्षयरोगको शंका गरी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाँच गराउन सहभागीहरूलाई आग्रह गरियो । सचिव चौरसिया र कोषाध्यक्ष कानुले क्षयरोगको परीक्षण तथा उपचार सरकारी स्वास्थ्य संस्थाहरूमा निःशुल्क उपलब्ध हुने भएकाले समयमै स्वास्थ्य सेवा लिन सबैलाई प्रेरित गरे । कार्यक्रमले स्थानीय बासिन्दामा क्षयरोगबारे सचेतना बढाउने साथै समुदायलाई स्वास्थ्य-सुरक्षाप्रति अझ सजग बनाउने अपेक्षा आयोजकहरूले व्यक्त गरेका छन् ।

# वीरगंज नाकाबाट चार महिनामा ५४ अर्ब १२ करोडको पेट्रोलियम पदार्थ आयात

***पर्सा, १३ मंसिर***

चालु आर्थिक वर्षको चार महिनामा वीरगञ्ज नाका भएर ५४ अर्ब १२ करोड रुपैयाँ मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयातबाट २२ अर्ब ९० करोड राजस्व सङ्कलन भएको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा रकमको आधारमा पाँच थरिका पेट्रोलिम पदार्थको आयातमा दुई अर्ब ९३ करोडले बढी हो ।



जबकी गत आवको चार महिनाको अवधिमा भने ५१ अर्ब १९ करोड मूल्य पर्ने पेट्रोलियम पदार्थको आयात हुँदा २० अर्ब ८९ करोड राजस्व सङ्कलन भएको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको चार महिनामा पेट्रोलियम पदार्थको आयातमा केही वृद्धि भएको जानकारी दिए । 'गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा पेट्रोलियम पदार्थको आयातबाट प्राप्त हुने राजस्वमा समेत नौ दशमलव ६० प्रतिशतले बढेको छ,' उनले भने ।

वीरगञ्ज भन्सार कार्यालयका चालु आवको कात्तिक मसान्तसम्म २४ अर्ब ४० करोड मूल्य पर्ने दुई लाख ६८ हजार ६७६ किलोलिटर डिजेल आयात भएको छ । सो डिजेल आयातबाट १० अर्ब ७३ करोड राजस्व सङ्कलन भएको छ । जबकी गत आवको सोही अवधिमा भने २१ अर्ब ८३ करोड मूल्य पर्ने डिजेल आयात भएको थियो । सोबाट नौ अर्ब ७८ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको चार महिनामा १४ अर्ब २७ करोड मूल्य पर्ने एक लाख ६६ हजार ६६३ किलोलिटर पेट्रोल आयात भएको छ । सो पेट्रोल आयात हुँदा नौ अर्ब ४३ करोड राजस्व सङ्कलन भएको छ । जबकी गत आवको चार महिनामा भने १२ अर्ब ४३ करोड मूल्य पर्ने पेट्रोल आयात हुँदा आठ अर्ब ११ करोड राजस्व सङ्कलन भयो । चालु आवको चार महिनाको अवधिमा नौ अर्ब ७७ करोड मूल्य पर्ने नौ करोड ७३ लाख ९६ हजार ४७२ किलोग्राम एलपी ग्यास आयात भएको छ । सो आयातबाट एक अर्ब ८३ करोड राजस्व सङ्कलन भएको छ । त्यस्तै, गत आवको सोही अवधिमा भने ११ अर्ब १० करोड मूल्य पर्ने १० करोड तीन लाख ५९ हजार किलोग्राम एलपी ग्यास आयात भएको थियो । सो आयातबाट दुई अर्ब आठ करोड राजस्व सङ्कलन भएको थियो । रासस

# भूमिसम्बन्धी अध्यादेश मन्त्रिपरिषद्बाट स्वीकृत, हाउजिङ र अपार्टमेन्ट व्यवसायीलाई राहत मिलने

***काठमाडौँ, १३ मँसिर***

सरकारले भूमिसम्बन्धी अध्यादेश स्वीकृत गरेर प्रमाणिकरणका लागि राष्ट्रपति कार्यालयमा पठाएको छ । नयाँ अध्यादेशमा अपार्टमेन्ट तथा हाउजिङ कम्पनीहरूलाई हदबन्दीभन्दा बढी जग्गा बिक्री गर्न पाउने व्यवस्था समेटिएको छ, जसले लामो समयदेखि रोकिएको जग्गा कारोबारलाई गतिशील बनाउने अपेक्षा गरिएको छ ।



अध्यादेशले उपत्यकामा ५० रोपनी, पहाडी क्षेत्रमा १०० रोपनी र तराईमा २० बिघाभित्र जग्गा विकास गरी घर निर्माण गरी बिक्री गर्न सकिने व्यवस्था गरेको छ । यसअघि विवादमा परेको भूमिसम्बन्धी विधेयकमा रहेको प्रावधानमध्ये व्यवसायीलाई हदबन्दी छुट दिने व्यवस्था संशोधित गर्दै मन्त्रिपरिषद्ले अध्यादेश अनुमोदन गरेको हो ।

नेपाल जग्गा तथा आवास विकास महासङ्घले अध्यादेशको नवौं संशोधनले देशको सुस्त अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेको छ । महासङ्घका अध्यक्ष विष्णुप्रसाद घिमिरेले विज्ञप्ति जारी गर्दै लामो समयदेखि व्यवसायीले माग गर्दै आएको संशोधन पारित गरी प्रमाणीकरणका लागि पठाएकोमा सरकारप्रति आभार व्यक्त गरेका छन् । महासङ्घका अनुसार जग्गा हदबन्दीका कारण रोकिएको अपार्टमेन्ट तथा हाउजिङ बिक्री अध्यादेश जारी भएसँगै सहज हुनेछ, जसले खरिदकर्तालाई पनि आफ्नो नाममा लालपुर्जा प्राप्त गर्ने बाटो खुला बनाउनेछ । हदबन्दीका कारण व्यवसायीको झन्डै दुई खर्ब रुपैयाँ बराबरको सम्पत्ति होल्ड हुनुपरेको महासङ्घले जनाएको छ ।

महासङ्घले पालिकाले समयमै जग्गा वर्गीकरण नगर्दा कित्ताकाट तथा विकास कार्य रोकिएको भन्दै सरकारले स्थायी समाधान ल्याउनु पर्नेमा जोड दिएको छ ।

# 'जेल' गीतको प्रीमियर कार्यक्रम सम्पन्न, देव यादव अफिसियल युट्युबमा हेर्न सकिने

***नविन चौधरी***
***कलैया, १३ मंसिर***

पर्सा जिल्लाको बीरगन्ज स्थित क्लाउड १६ रेस्टुरेन्टमा भोजपुरी गीत जेल को प्रीमियर कार्यक्रम सम्पन्न भएको छ ।




म्युजिक डाइरेक्टर गौरव रोशनको प्रमुख आतिथ्य तथा निर्माता प्रभु कुमार यादवको बिशेष उपस्तिथिमा शनिबार एक कार्यक्रमको आयोजना लन्च गरिएको हो । मुख्य कलाकार रौशन सिंह (म्याङ्गो म्यान) र निभा यादवले अभिनय गरेको सो गीतमा सङ्गीत उमेश राजको रहेको छ भने देव यादव र शिल्पीराजले सुमधुर स्वर दिएकी छिन । नेपाल पत्रकार महासंघ बाराका कार्यसमिति सदस्य तथा रेडियो बादलका संचालक नुर आलम बादशाहले समेत अभिनय गरेको सो म्युजिक भिडियोमा चर्चित कलाकार गजेन्द्र कुशवाहा, रेबिका नेपाली लगायतका कलाकारहरुलाई समेटिएका छन् । उक्त गीतको म्युजिक भिडियोमा निर्देशक शाहिल साह अहम भुमिका रहेको छ । त्यस्तै भिडियो ग्राफी संजय सिंहले गरेको पोस्टर इडिटर बिबेक यादवले बताए ।

# पर्सामा शिक्षा पत्रकार समुह गठन,अध्यक्षमा यादव

***पर्सा, १३ मंसिर***

पर्सामा शिक्षक पत्रकार समूह गठन गरिएको छ । प्रमोद यादवको अध्यक्षतामा शिक्षा पत्रकार समूह गठन गरिएको हो ।



शनिबार वीरगंज स्थित नेपाल पत्रकार महासंघ पर्साको सभाकक्षमा आयोजित कार्यक्रममा पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनालले शिक्षा पत्रकार समूहको घोषणा गरे ।शिक्षा पत्रकार समूह पर्साको उपाध्यक्षमा राजेन्द्र सिंह नेपाली,सचिवमा माधुरी महतो,सहसचिवमा बलिराम यादव र कोषाध्यक्षमा राजकुमारी यादव रहेकी छन् ।यस्तै सदस्यहरुमा आंशु सर्राफ,विनोद यादव,अनिता कुवँर,एन्जल चौधरी लगायतका रहेका छन् ।

यस्तै सल्लाहकार समितिमा शंकर आचार्य,तुलसी भण्डारी,भूषाण यादव,क्रान्ति शाह,विजय महतो रहेका छन् ।

कार्यक्रममा नेपाल शिक्षक महासंघ पर्साका अध्यक्ष तीर्थराज यादवले देशमा लोकतन्त्र आएपछि यता सामुदायिक विद्यालयको भौतिक अवस्थामा धेरै सकरात्मक सुधार आएको तर विषयगत शिक्षकको अभावका कारण शैक्षिक गुणस्तरमा अपेक्षित सुधार आउन नसकेको बताए । केही समय यता सामुदायिक विद्यालयमा पत्रकारको नाममा युट्युबर आतंक चलेको गुनासो उनको थियो ।राजनीतिक दलका नेता र व्यवस्थापन समितिका अध्यक्षाले आफ्ना आसेपासेलाई इसिडी शिक्षकमा नियुक्त गरेकोले उनिहरुबाट अपेक्षित नतिजा आउन नसकेको उनले बताए ।उनले भने,' राम्रो भन्दा हाम्रालाइ भर्ति गरेका छन् ।अब भन्नुस् उनिहरुले ८ कक्षामात्रै पास गरेका हुन्छन् ।उनिहरुको योग्यतामा प्रश्न उठाएर सम्ग्र शिक्षकहरुलाई बदनाम गर्ने काम भइरहेको छ ।विद्यालयमा सुधार हुनुपर्छ, तर पत्रकारिताको नाममा आतंकित बनाउने काम,शिक्षकलाई टर्चर गर्ने काम ठिक छैन ।गल्ती कमजोरी छ

बाँकी तेश्रो पृष्ठमा

# फागुन २१ मा चुनाव हुँदैन : दुर्गा प्रसाई

***काठमाडौं, १३ मंसिर***

व्यवसायी दुर्गा प्रसाईंले आउँदो फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन नहुने जिकिर गरेका छन् । शनिबार (मंसिर १३) प्रसाईंले फागुन २१ मा निर्वाचन नहुने जिकिर गरेका हुन् ।



उनले वर्तमान सरकारमा भएकाहरूको पनि भ्रष्टाचारी जात नै रहेको टिप्पणी गरे । वर्तमान सरकार पनि भ्रष्टाचारमा विगतको भन्दा फरक नरहेको उनले जिकिर गरे ।

अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले आफैँले सरकारी जग्गा मिचेको आरोप उनले लगाए । उनले आफूले हालसम्म कुनै पनि भ्रटाचार र अनियमितता नगरेको जिकिर गरे । "चुनाव नै हुँदैन । चुनाव नहुने क्लियर छ । अहिलेको सरकारको नेतृत्वमा रहेकाहरूको पनि जात एउटै हो । विगतका सरकारभन्दा फरक छैन," उनले भने, "अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले आफैँले सरकारी जग्गा मिचेको रहेछ । केको भ्रष्टाचारविरोधी ? मैले कुनै अनियमितता गरेको छैन ।"

उनले यही मंसिर २२ गते प्रधानमन्त्री कार्कीसँग आफ्ना मागहरूसहित भेटवार्ता गर्ने बताए । प्रधानमन्त्रीसँगको वार्तापछि सरकारले आफूहरूका माग सम्बोधन गर्नेमा आधा मात्र विश्वस्त रहेको उनले उल्लेख गरे ।

माग पूरा नभए आन्दोलन हुने उनले उनले चेतावनी दिए । उनले आफ्ना माग नाजायज नरहेको पनि बताए । न्युज एजेन्सी नेपाल

**जनहितमा जारी सन्देश**

**घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।**

**आदर्श कोतवाल गाउँपालिका परिवार**
**मधेश प्रदेश, बारा**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा**